# टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयद्वारा
प्रकाशित

# स्थानीय राजपत्र

**खण्डः १०  संख्याः ०३  मितिः आषाढ ९, २०८३**


नेपालको सविधान बमोजिम टोखा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

## न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको ऐन

**<u>प्रस्तावना</u>** : न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

टोखा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**न्यायिक समिति कार्यविधि (पहिलो संसोधन) ऐन, २०८३**" रहेको छ ।

(२) **न्यायिक समिति कार्यविधि ऐन २०७५ को दफा १४ मा संशोधन** : न्यायिक समिति कार्यविधि ऐन २०७५ (यसपछि मूल ऐन भनिएको) दफा १४ को उपदफा १ मा दस्तुर नतोकिएकोमा "एक सय रुपैयाँ" रहेकोमा "उजुरी दर्ता गर्न दुई सय रुपैयाँ तथा प्रतिवाद दर्ता गर्न एक सय रुपैयाँ" तोकिएको छ ।

(३) **मूल ऐनको दफा २३ मा संशोधन** :(१) उपदफा १ मा देहायको वाक्यांश थपिएको छः

"तर, काबु बाहिरको परिस्थिति उत्पन्न भई तोकिएको म्याद गुज्रेकोमा गुजार्ने पक्षले अनुसुची ८ को ढाँचामा निवेदन दिइ म्यादको हकमा एकपटक पन्ध्र दिनसम्म सम्म थमाउन सक्नेछ ।"

(२) उपदफा ४ मा देहायको वाक्यांश थपिएको छः

"तर, काबु बाहिरको परिस्थिति उत्पन्न भई तोकिएको तारिखमा गुज्रेकोमा गुजार्ने पक्षले अनुसुची ९ को ढाँचामा निवेदन दिइ म्यादको हकमा एकपटक पन्ध्र दिनसम्म र तारेखको हकमा बढीमा दुई पटक एक्काइस दिन सम्म थमाउन सक्नेछ ।"

(३) उपदफा ६ थपिएको छ :

"(६) फिरादपत्र दर्ता भएपछि वा प्रतिउत्तर पेश भएपछि बादी तथा प्रतिबादी दुबैले तारेख गुजारेमा त्यस्तो मुद्दा डिसमिस गर्नुपर्नेछ ।"

(४) **मूल ऐनको उपदफा ४८ मा संशोधन** : मूल ऐनको दफा ४८ मा रहेको "अनुसूची-८" भन्ने शब्दको सट्टा "अनुसूची-१०" भन्ने शब्द राखिएका छन् ।

(५) **मूल ऐनको दफा ५३ मा संशोधन** : मूल ऐनको दफा ५३ को,-

(१) उपदफा २ मा रहेको "अनुसूची-९" भन्ने शब्दको सट्टा "अनुसूची-११" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा ५ मा रहेको "अनुसूची-१०" भन्ने शब्दको सट्टा "अनुसूची-१२" भन्ने शब्द राखिएको छ ।

(६) **मूल ऐनको दफा ५६ मा संशोधन** : मूल ऐनको दफा ५६ मा खण्ड थपिएका छन् :-

(१) दफा ५६ रहेका सम्पूर्ण शब्दहरुलाई उपदफा १ मा राखिएका छन् ।

(२) उपदफा ५६ (१) पछि ५६ (२) थपिएको छः-

"(२) अन्यत्र जेसुकै लेखेको भएतापनि वारेस मार्फत मिलापत्र गराउने छैन ।

तर, कुनै पनि पक्षले सोही कार्यको लागि अदालतबाट रित पूर्वक सोही कार्यको लागि अधिकृत वारेसनामा दिइ पठाएमा अधिकृत वारेस मार्फत मिलापत्र गराइ दिन सक्नेछ।"

(७) **<u>मूल ऐनको दफा ५९ मा संशोधन</u>** : मूल दफाको ५९ को उपदफा २ मा रहेको "सूची समक्ष" रहेकोमा "सूची नगरसभा वा कार्यपालिका समक्ष" शब्द थपिएको छ ।

(८) **<u>मूल ऐनको दफा ६० मा संशोधन</u>** : मूल ऐनको दफा ६० को,-

१) उपदफा २ मा रहेको "समितिले सभाबाट" रहेकोमा "समितिले सभाबाट वा कार्यपालिकाको पहिलो बैठकबाट" शब्द थपिएको छ ।

२) उपदफा ३ मा रहेको "अनुसूची -११" को सट्टा "अनुसूची-१३" भन्ने शब्द राखिएको छ ।

(९) **<u>मूल ऐनको दफा ६९ मा संशोधन</u>** : मूल दफाको ६९ मा देहायको उपदफा थपिएको छ :-

"(३) मिलापत्र भएकोमा त्यसको परिणाम स्वरुप मिलापत्र बमोजिम दाखिला खारेज, नामसारी, दर्ता, रजिष्ट्रेशन वा अचल सम्पत्तिको कित्ताकाट गर्नु पर्ने रहेछ भने न्यायिक समितिले मिलापत्र बमोजिमको काम गर्न सम्बन्धित कार्यालयमा लेखि पठाउनु पर्नेछ ।"

(१०) **<u>मूल ऐनको दफा ७१ मा संशोधन</u>** : मूल ऐनको दफा ७१ मा उपदफा थपिएका छन्:-

(१) दफा ५६ मा रहेका सम्पूर्ण शब्दहरुलाई उपदफा १ मा राखिएका छन् ।

(२) उपदफा ७१ (१) पछि ७१ (२) थपिएको छः-

दफा ७१ (२) न्यायिक समितिसंग उपलब्ध स्रोतसाधन अनुसार मेलमिलापकर्तालाई मेलमिलाप सत्र सञ्चालन तथा मेलमिलाप गराए बापत प्रोत्साहनका लागि कुनै पनि किसिमको सुबिधा उपलब्ध गराउन बाधा पर्ने छैन ।

(११) **<u>मूल ऐनको उपदफा ७६ मा संशोधन</u>** : मूल ऐनको दफा ७६ को उपदफा १ मा रहेको "अनुसूची-१२" भन्ने शब्दको सट्टा "अनुसूची-१४" भन्ने शब्द राखिएको छ ।

(१२) **<u>मूल ऐनको उपदफा ७७ मा संशोधन</u>** : मूल ऐनको दफा ७७ को उपदफा १ मा रहेको "अनुसूची-१३" भन्ने शब्दको सट्टा "अनुसूची-१५" भन्ने शब्द राखिएको छ ।

(१३) **<u>मूल ऐनको उपदफा ७९ मा संशोधन</u>** : मूल ऐनको दफा ७९ को उपदफा ४ मा रहेको "अनुसूची १४" भन्ने शब्दको सट्टा "अनुसूची-१६" भन्ने शब्द राखिएको छ ।

(१४) **<u>मूल ऐनको उपदफा ८८ मा संशोधन</u>** : मूल ऐनको दफा ८८ को उपदफा ६ मा रहेको "अनुसूची-१५" भन्ने शब्दको सट्टा "अनुसूची-१७" भन्ने शब्द राखिएको छ ।

(१५) **<u>मूल ऐनको अनुसूची ७ मा संशोधन</u>** : मूल ऐनको अनुसूची ७ मा तपशिल खण्ड पछी "निर्णय भएको मितिः ..." राखिएको छ ।

(१६) **<u>मूल ऐनको अनुसूची ८ मा संशोधन</u>** : मूल ऐनको अनुसूची ८ मा दफा ४८ सँग सम्बन्धित आदेशको सट्टामा देहायको निवेदनको नमूना राखिएको छ ।

**अनुसूची-८**

**(दफा २३ को उपदफा (४) सँग सम्बन्धित)**

**श्री टोखा नगरपालिका न्यायिक समितिमा पेस गरेको**

**निवेदन पत्र**

**विषय : <u>गुज्रेको तारिख थामिपाऊँ</u> ।**

मुद्दा नं.–

...................को छोरा/छोरी...............जिल्ला...................न.पा. / गा.पा. वडा नं.....
बस्ने वर्ष.......... को ..........................................................
............१ <u>निवेदक</u>

विरुद्ध

.........................को छोरा/छोरी .....................
जिल्ला......................न.पा./ गा.पा. वडा नं...... बस्ने वर्ष

........को .....................................

.................१ विपक्षी

मुद्दाः– ..............................

म निवेदक निम्नानुसार निवेदन गर्दछु/गर्दछौं :

१. उक्त मुद्दामा सम्मानित न्यायिक समितिबाट मलाई/हामीलाई मिति .......................गतेको तारिख तोकी पाएकोमा काबुबाहिरको परिस्थिति परी न्यायिक समितिमा उपस्थित भै तारिख लिन नसकी सो तारिख गुज्रिन गएकोले निम्नबमोजिमको तारिख थामिपाऊँ ।

(क) न्यायिक समिति कार्यविधि ऐन, २०७५ को दफा २३ को उपदफा (४) बमोजिम मिति.............................म................................ ............................................................ ...................................... कारणले तारिख गुज्रन गएकोले सो मितिदेखि बाटोको म्यादबाहेक .................. दिन । प्रमाण यसैसाथ संलग्न गरेको छु ।

२. लेखिएको बेहोरा ठिक साँचो हो फरक ठहरे कानूनबमोजिम सहुँला/बुझाउँला ।

निवेदक

......................

इति संवत् ..............साल................महिना......... गते रोज शुभम् .................।

(१७)	मूल ऐनको अनुसूची ९ मा संशोधनः मूल ऐनको अनुसूची ९ मा दफा ५३ को उपदफा २ सँग सम्बन्धित निवेदनको ढाँचाको सट्टामा देहायको निवेदनको नमूना राखिएको छ ।

## अनुसूची -९

**(दफा २३ को उपदफा (४) सँग सम्बन्धित)**

**श्री  टोखा नगरपालिका न्यायिक समितिमा पेस गरेको**

**निवेदन पत्र**

**विषय: <u>गुज्रेको म्याद थामी लिखित जवाफ दर्ता गरिपाऊँ</u>**
**।**

मुद्दा नं.-

...........................को छोरा/छोरी...............जिल्ला....................न.पा.
/गा.पा. वडा नं..... निवेदक
बस्ने वर्ष...... को ..........................................................
.......................................१

विरुद्ध

.......................को छोरा/छोरी ................ जिल्ला..............न.पा./
गा.पा. वडा नं..... विपक्षी
बस्ने वर्ष........को
.......................................................
..............................१

मुद्दा– ...........

म निवेदक निम्नानुसार निवेदन गर्दछु/गर्दछौं :

१. उक्त मुद्दामा मेरो/हाम्रो नाउँमा जारी भएको म्याद मिति .................... मा तामेल भएकाले सो म्यादभित्र प्रतिउत्तर/लिखित जवाफ पेस गर्नुपर्नेमा म/हामीलाई

...................................................................................

काबुभन्दा बाहिरको परिस्थिति पर्न गएकाले म्याद गुज्रन गएको हुँदा उक्त गुज्रेको म्याद न्यायिक समिति कार्यविधि सञ्चलन ऐन, २०७५ को दफा २३ को उपदफा १ बमोजिम थामी, थमाई प्रतिउत्तरपत्र /लिखित जवाफ दर्ता गरिपाऊँ ।

२. लेखिएको बेहोरा ठिक साँचो हो फरक ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदक

......................

इति संवत् ...............साल.......................महिना.........
गते रोज शुभम् ..............................।

(१८) **<u>मूल ऐनको अनुसूची १० मा संशोधन</u>** : मूल ऐनको अनुसूची १० मा "दफा ५३ को उपदफा ५ सँग सम्बन्धित मिलापत्रको ढाँचा"को सट्टामा "दफा ४८ सँग सम्बन्धित आदेशको नमूना" राखिएको छ ।

(१९) **<u>मूल ऐनको अनुसूची ११ मा संशोधन</u>** : मूल ऐनको "अनुसूची ११ मा "दफा ६० को उपदफा ३ सँग सम्बन्धित निवेदनको ढाँचा"को सट्टामा "दफा ५३ को उपदफा २ सँग सम्बन्धित निवेदनको ढाँचा" राखिएको छ ।

(२०) **<u>मूल ऐनको अनुसूची १२ मा संशोधन</u>** : मूल ऐनको "अनुसूची १२ मा दफा ७६ को उपदफा १ सँग सम्बन्धित निवेदनको ढाँचा"को सट्टामा "दफा ५३ को उपदफा ५ सँग सम्बन्धित मिलापत्रको ढाँचा" राखिएको छ ।

(२१) **<u>मूल ऐनको अनुसूची १३ मा संशोधन</u>** : मूल ऐनको अनुसूची १३ मा "दफा ७७ को उपदफा १ सँग सम्बन्धित निवेदनको ढाँचा"को सट्टामा "दफा ६० को उपदफा ३ सँग सम्बन्धित निवेदनको ढाँचा" राखिएको छ ।

(२२) **<u>मूल ऐनको अनुसूची १४ मा संशोधन</u>** : मूल ऐनको अनुसूची १४ मा "दफा ७९ को उपदफा ४ सँग सम्बन्धित आदेशको ढाँचा"को सट्टामा "दफा ७६ को

उपदफा १ सँग सम्बन्धित निवेदनको ढाँचा" राखिएको छ ।

(२३) **मूल ऐनको अनुसूची १५ मा संशोधन** : मूल ऐनको अनुसूची १५ मा "दफा ८८ को उपदफा ६ सँग सम्बन्धित निवेदनको ढाँचा" को सट्टामा "दफा ७७ को उपदफा १ सँग सम्बन्धित निवेदनको ढाँचा" राखिएको छ ।

(२४) **मूल ऐनको अनुसूची १५ पछाडी** देहायको अनुसूचीहरु थपिएका छन् :-

(१) मूल ऐनमा अनुसूची १४ मा रहेको दफा ७९ को उपदफा ४ सँग सम्बन्धित रोक्काको आदेशको ढाँचा "अनुसूची १६" मा राखिएको छ ।

(२) मूल ऐनमा अनुसूची १५ मा रहेको "दफा ८८ को उपदफा ६" सँग सम्बन्धित निवेदनको ढाँचा "अनुसूची १७" मा राखिएको छ ।

**प्रमाणिकरण मिति : २०८३।०३।१९**

**आज्ञाले,**

**कमल भट्टराई**

**प्रमुख प्रशासकिय अधिकृत**